प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय

# स्वास्थ्य निर्देशनालय

गण्डकी प्रदेश, पोखरा, नेपाल

फोन नं. ०६१-५२०३९०
फ्याक्सः ०६१-५२०३३०

## कोरोना भाइरस नियन्त्रण र रोकथामका लागि स्वास्थ्य निर्देशनालय गण्डकी प्रदेशबाट आज भएका गतिविधिहरु

*मिति २०७६/१२/२४ गते*

आज जिल्ला प्रशासन कार्यालय कास्कीमा कोभिड-१९ सम्बन्धि तथ्यांक रेकर्डिङ/रिपोर्टिंग सम्बन्धमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सामाजिक विकास मन्त्रालय, स्वास्थ्य निर्देशनालय, जिल्ला प्रशासन कार्यालय कास्की लगायतका प्रतिनिधिहरु सम्मिलित संयुक्त बैठक सम्पन्न भयो | बैठकमा रिपोर्टिंग फर्म र टेम्प्लेट सम्बन्धि एकरुपता, अनलाइन रिपोर्टिंगको व्यवस्था, लगायतका विषयमा छलफल भयो र अनलाइन रिपोर्टिंग सफ्टवेयरको विकास गरि जिल्ला देखि स्थानीय तहबाट समेत रिपोर्टिंगको व्यवस्था मिलाउने निर्णय भयो।





आज द्रुत प्रतिकार्य टोलि (RRT) विषयगत समितिको बैठक स्वास्थ्य निर्देशनालयमा बसी जिल्ला स्तरमा भैरहेको द्रुत प्रतिकार्य सम्बन्धि क्रियाकलापहरुको समिक्षा भयो । उक्त बैठकले जिल्लामा भएका गतिविधि सहित यसको प्रभावकारिता र चुनौतिको बारेमा समेत छलफल भएको थियो। जिल्लाका RRT संग दैनिक समन्वय गर्ने र हरेक स्थानीय तहमा यो सम्बन्धि अभिमुखीकरण कार्यक्रम संचालन गर्ने जसका लागि ७ सदस्यीय कार्यदल गठन भयो। अभिमुखीकरण कार्यक्रम संचालन गर्दा आवश्यक पर्ने जनशक्ति, सामाग्री, सवारी साधन लगायतका विविध पक्षलाई किफायती रुपमा परिचालन गर्ने निर्णय भयो।



प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय

# स्वास्थ्य निर्देशनालय

गण्डकी प्रदेश, पोखरा, नेपाल

फोन नं. ०६१-५२०३९०
फ्याक्सः ०६१-५२०३३०

## गण्डकी प्रदेशमा भएका क्वारेन्टाइन, आइसोलेसन, संकलित नमुना र नतिजा सम्बन्धि विवरण

| जिल्ला | क्वारेन्टाइन | | | होम क्वारेन्टाइनमा रहेका | फिभर क्लिनिक | | आइसोलेसन | | विदेशबाट आएकाको संख्या | संकलित नमुना | नेगेटिभ | पोजिटिभ | नतिजा आउन बाँकी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | संख्या | बेड | बसेका | | संख्या | जाँचेको | बेड | बसेका | | | | | |
| कास्की | १३ | ३०९ | १६ | २१६ | - | - | १११ | - | ३८९ | ४७ | ४२ | 0 | ५ |
| स्यांग्जा | ३४ | ११२ | १३ | ५१३ | - | - | ४ | - | - | ८ | ८ | 0 | ० |
| तनहुँ | ३० | १७६ | १ | ५५० | - | - | ४५ | - | ५८२ | ० | 0 | 0 | ० |
| लमजुङ्ग | ६८ | ९४९ | २३ | - | ३ | १२३ | ५ | - | ९ | ९ | ९ | 0 | ० |
| गोरखा | ३९ | ३१६ | ६ | १९४ | ७१ | ४८३ | २७ | 0 | ३९४ | २ | २ | 0 | ० |
| पर्वत | ११ | ३७५ | ११ | १८५ | - | ३२६ | २० | ६ | ३१६ | २३ | १४ | 0 | ९ |
| म्याग्दी | १६ | १२५ | २४ | ९१ | - | - | ६ | 0 | - | ३ | ३ | 0 | ० |
| बाग्लुङ्ग | २३ | १५० | २६ | ८१५ | - | - | ९ | 0 | - | १८ | १६ | २ | ० |
| नवलपुर | २४ | ७४९ | ६६ | - | - | - | २४ | - | - | - | - | - | - |
| मनाङ्ग | ७ | ६१ | १ | २ | ५ | ४६ | ७ | - | ३ | - | - | - | - |
| मुस्ताङ्ग | १५ | ९६ | ७ | - | ४ | - | १० | - | - | - | - | - | - |
| **जम्मा** | २८० | ७८११ | १९४ | २५६६ | ८३ | ९७८ | २८९ | ६ | १६९३ | ११० | ९४ | २ | १४ |

**लक डाउनको बेला घरमै बस्नुहोस !**

**अत्यावश्यक काम बाहेक बाहिर ननिस्कनुहोस !!**

**सामाजिक दुरी कायम राख्नुहोस !!!**

**साबुन पानीले हात मिचीमिची धोऔं !!!**

*Website: http://hd.gandaki.gov.np/*   *Email Address: hd.gandaki@gmail.com*

प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
**स्वास्थ्य निर्देशनालय**
गण्डकी प्रदेश, पोखरा, नेपाल

फोन नं. ०६१-५२०३९०
फ्याक्सः ०६१-५२०३३०

## कोभिड-१९ सम्बन्धि जिल्लामा यो हप्ता भएका विभिन्न क्रियाकलापहरु

मनाङमा Emergency / Rapid Response Team गठन, २ वटा एम्बुलेन्स परिचालन गर्न तयारी अवस्थामा, लक डाउनको प्रभावकारी अनुगमन तथा कडाईका साथ कार्यान्वयन र जिल्लाभित्र रहेका विदेशी पर्यटकहरुको अभिलेख तथा उद्धारको काम जारी छ।



पर्वतको कुश्मा बजारमा chlorine spray छरिएको, Contact Tracing Team गठन गरिएका, Fever Clinic संचालन र २ वटा एम्बुलेन्सको भित्रि भागमा पार्टेसन गरी चालक र बिरामीको प्रत्यक्ष ससंर्ग नहुने बनाउन लगाइएको छ।

बागलुङ नगरपालिका ३ गौडाकोटकी महिलाको प्रत्यक्ष सम्पर्कमा रहेका व्यक्तिहरु २२ जनाको Contact Tracing साथै घरपरिवारका ४ जनाको नमुना सकंलन गरी पठाइएको छ साथै विभिन्न नगरपालिका तथा गाउँपालिकामा विभिन्न वडाहरुमा रहेका मजदुर, सिमान्तकृत वर्ग आदिलाई नियमित रुपमा राहत वितरण भइरहेको छ।

लमजुङका सबै वडामा वडास्तरिय आपुर्ति व्यवस्थापन समिती गठन भइसकेको, १५६६ परिवार तथा श्रमिकलाई राहत वितरण गरेको, स्थानिय तह अनुसार राहत वितरण प्याकेज वितरण गरिएको छ।




स्वास्थ्य कार्यालय म्याग्दी र अन्य सघंसस्थाबाट अस्पताल, सुरक्षाकर्मी, कैदबन्दी आदिलाई मास्क, स्यानिटाइजर लगायत व्यक्तिगत सुरक्षा सामग्रीको वितरण, जिल्लास्तरमा पूर्वतयारी, रोकथाम, Contract Tracing, साथै महामारी नियन्त्रणको म्याग्दी जिल्ला अन्त्तगतको लागी Rapid Response Team गठन गरिएको छ।

प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय

# स्वास्थ्य निर्देशनालय

गण्डकी प्रदेश, पोखरा, नेपाल

फोन नं. ०६१-५२०३९०
फ्याक्सः ०६१-५२०३३०

गोरखामा Fever Clinic संचालनमा आएको छ भने विदेशबाट आएकाहरुको क्वारेन्टाइनमा निगरानी राखिएको छ। त्यसैगरी बजार अनुगमन र अत्यावश्यक सामग्रीको व्यवस्थापन समेत भइरहेको छ।

मुस्ताङ मा Chlorine Spray छरिएको, क्वारेन्टाइनको अनुगमन भइरहेको PPE, Sanitizer वितरण गरिएको छ।



नवलपुरमा राहत वितरण कार्यक्रम र Chlorine Spray छर्नका लागी छलफल भइरहेको छ।

स्याङजामा Media Interaction, डाटा अपडेट समन्वय मिटिङ भइरहेको छ।

कास्कीमा क्वारेन्टाईन ब्यबस्थापन, बजार अनुगमन, ज्वरो क्लिनिक संचालन तथा औषधी पसलको अनुगमन, एम्बुलेन्स ब्यबस्थापन लगायतका कामहरु भैरहेको छ।




तनहुमा बजार तथा औषधी पसलको अनुगमन, एम्बुलेन्स ब्यबस्थापनका कामहरु भैरहेको छ । नियमित रुपमा सरोकारवालासंगको बैठक बसी कोभिड-१९ को जोखिम न्यूनीकरणका लागि गैर सरकारी संस्थाहरुसंगको समेत सहभागितामा विभिन्न योजना निर्माण तथा कार्यक्रम भैरहेका छन्।

**नबराज शर्मा**
**स्वास्थ्य शिक्षा प्रशिक्षक**
**स्वास्थ्य निर्देशानालय, पोखरा**

हेलो डाक्टर
१०९२ प्रादेशिक स्वास्थ्य आपतकालीन कार्यसंचालन केन्द्रको टोल फ्री नं. १०९२ मा सम्पर्क राख्नुहोस् ।